CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #३१

१९ ।२ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



सुनसान भक्तपुर दरबार स्क्वायरमा डियुटीमा खटिएका प्रहरी

तस्बिर: AP




## कोरोना संक्रमण रोकथामका लागि आर्थिक वर्ष २०७७/७८ को बजेटका प्राथमिकता



कोरोना संक्रमण नियन्त्रण तथा उपचारको लागि तत्काल आवश्यक पर्न सक्ने औषधी, उपकरण तथा उपचार सामाग्रीका लागि

**रु. ६ अर्ब**



कोरोना लगायत अन्य संक्रामक रोग विरुद्ध कार्यरत सबै स्वास्थ्यकर्मीलाई

**रु. ५ लाख**

सम्मको नि:शुल्क स्वास्थ्य बीमा



काठमाण्डौ उपत्यकामा ३०० शैयाको सुविधा सम्पन्न सरुवारोग अस्पताल र प्रदेश राजधानीका सरकारी अस्पतालमा थप २५० शैया आईसियू वेड र सबै प्रदेश राजधानीमा ५० शैयाको सरुवा रोग अस्पताल सञ्चालन गरिने र यसका लागि

**रु. १२ अर्ब ४६ करोड**



सबै स्थानीय तहमा ५ देखी १५ शैया सम्मका आधारभूत अस्पताल सथापना गर्न थप २७२ अस्पताल स्थापना गर्न

**रु. १४ अर्ब २७ करोड**



स्थानीय तहमा एक चिकित्सक एक स्वास्थ्य संस्था स्थापना गर्न

**रु. ५ अर्ब १० करोड**



स्वास्थ्य बीमा कार्यक्रमका लागि

**रु. ७ अर्ब ५० करोड**

स्रोत: https://mof.gov.np/

# हल्ला र तथ्य



बजेट भाषणमा सरकारले सबैको कोरोना बीमा नि:शुल्क गरिदिने भन्यो रे ।

अस्थायी र करार लगायत सबै सरकारी कर्मचारीको रु. १ लाख सम्म कारोना बीमा सरकारले नि:शुल्क गर्नेछ । अन्य व्यक्तिको हकमा एक लाख सम्मको सामुहिक कोरोना बीमा गर्दा लाग्ने वार्षिक शुल्कमा सरकारले ५० प्रतिशत अनुदान दिने भनेको छ ।

स्रोत: https://mof.gov.np/



सरकारले किशानलाई खेती गर्न जग्गा दिने भन्छन् । अलि प्रष्ट भएन ।

कोभिड - १९ का कारण सहरबाट गाउँ फर्केका र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुले कृषि कार्य गर्न चाहेमा सोको लागि जमिनको सुनिशिचतता गर्न ३०० स्थानीय तहमा भूमि बैंक स्थापना गर्ने सरकारको योजना छ । भूमि बैंकले जग्गा धनीबाट लिजमा लिएको जमिन, सरकारी स्वामित्वको उपयोगमा नरहेको जमिन र नदी नियन्त्रणबाट उकास भएको जमिन कृषि कार्यको लागि उपयोग गर्न चाहने व्यक्ति तथा संस्थालाई निश्चित समयका लागि लिजमा उपलब्ध गराउनेछ । त्यस्ता व्यक्ति तथा संस्थालाई प्रोत्साहन गर्न कृषि सामाग्रीमा सरकारले सहुलियत पनि दिनेछ ।

स्रोत: https://mof.gov.np/



कर्णाली प्रदेश सरकारले सेना परिचालनको लागि संघीय सरकारसँग अनुमति मागेको भन्ने खबर छ । खास के प्रयोजनको लागि अनुमति मागिएको हो ?

कर्णाली प्रदेश सरकारको मिति २०७७ जेठ १२ गते वसेको मन्त्रीपरिषद्को वैठकले सेना परिचालनको लागि संघिय सरकारसँग अनुरोध गर्ने निर्णय गरेको हो । भारतबाट ठुलो संख्यामा नेपालीहरु नेपाल फर्कने क्रम जारी रहेको र कर्णाली प्रदेशमा यस कार्यले झनै त्रास बढाएको भन्दै नेपाल प्रहरी र शशस्त्र प्रहरी सुरक्षा सम्बन्धी अन्य कार्यमा खटिनुपर्ने हुनाले महामारीबाट प्रभावित र संक्रमित नागरिकको उद्धार तथा क्वारेन्टाइन व्यवस्थापनमा समस्या हुने देखिएकाले यस कार्यका लागि नेपाली सेना समेत परिचालन गर्नुपर्ने स्थीतिमा सो को लागि संघिय सरकारसँग अनुरोध गर्ने निर्णय गरेको हो ।

स्रोत: https://www.facebook.com/621900758267859/posts/966519120472686/



सरकारले वैकल्पिक शिक्षाको अवधारणा त ल्यायो । प्रविधिको पहुँच नहुने विद्यार्थिलाई यो कार्यक्रमा कसरी समावेश गर्ने योजना छ

सबै किसिमको प्रविधिको पहुँच भन्दा बाहिर रहेका विद्यार्थिको सन्दर्भमा संघिय सरकारबाट स्वअध्ययन सामाग्रीको प्रिन्ट तयार गरी वेवसाईटमा राख्ने र प्रदेश वा स्थानीय तहले उक्त सामाग्री छपाई गरी वर्कसीट बनाएर विद्यालयलाई वितरण गर्नेछ । त्यस पछि विद्यालयबाट तोकिएका शिक्षक वा स्वयंसेवकले बढीमा आठ देखी दश जनासम्मको समुह रहने गरी स्थानीय स्तरका सिकाई केन्द्र वा विद्यालयमा भौतिक दुरी कायम गरी श्रव्यदृष्य प्रविधि मार्फत सिकाउन सहजिकरण गर्ने भनेर वैकल्पिक प्रणालीबाट विद्यार्थिको सिकाई सहजिकरण गर्ने सम्बन्धी निर्देशिकामा उल्लेख गरिएको छ ।

स्रोत: https://edupatra.com/

## सूचनाका स्रोतहरु

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोरोना कोष सञ्चालन निर्देशिका, २०७६

कोभिड(१९ को अवस्थाअ

कृषि तथा पशुपंछी विकास मन्त्रालय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय



accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

**साउदी अरव**
३,३४,४५१ नेपाली
५,२६१ संक्रमित
१३६४ नेपाली संक्रमित
८ मृत्यु भएका नेपाली

**कुवेत**
७१,१९३ नेपाली
२७,७६२ संक्रमित
६५० नेपाली संक्रमित
२ मृत्यु भएक नेपाली

**बहराईन**
२६,००० नेपाली
११,८०४ संक्रमित
३११ नेपाली संक्रमित
३ मृत्यु भएका नेपाली

**कतार**
४,०६,९१७ नेपाली
५८,४३३ संक्रमित
६,९११ नेपाली संक्रमित
१ मृत्यु भएका नेपाली

**युएई**
२,२४,९०५ नेपाली
३२,५५७ संक्रमित
१६०० नेपाली संक्रमित
१९ मृत्यु भएका नेपाली

**ओमान**
१७,०५७ नेपाली
१२,२२३ संक्रमित

**मलेसिया**
५००,००० नेपाली
७,८५७ संक्रमित
८१ नेपाली संक्रमित

**दक्षिण कोरिया**
३८,८६२ नेपाली
११,५०३ संक्रमित



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://who.sprinklr.com/
https://coronavirus.jhu.edu/
https://publications.iom.int/

**ShramikSanjal**

नेपाल सरकारले अन्ततः बिदेशमा भएका नेपालीहरुलाई आफ्नो देश फर्कन दिने निर्णय गरेको छ र "नेपाल आउने नागरिकलाई ल्याउन सम्बन्धी आदेश - २०७७" पनि जारीगरेको छ ।

कस्ता व्यक्तिहरु नेपाल आउन सक्छन् ?

१. सम्बन्धित देशमा विभिन्न कारणले सजाय तोकिएर माफी पाइसकेका व्यक्तिहरु
२. नेपाल आउन अनुमति प्राप्त भएका व्यक्तिहरु
३. जुनसुकै कारणले बहिर्गमन राहदानी पाएका व्यक्तिहरु
४. आफन्तको मृत्यु भई काजक्रियाका लागि नेपाल आउनुपर्ने अवस्थामा रहेका व्यक्तिहरु
५. श्रम करार अवधि समाप्त भएर रोजगारी गुमाएका व्यक्तिहरु
६. कोभिड-१९ बाहेक अन्य कारणले स्वास्थ्यमा गम्भीर समस्या देखिएक व्यक्तिहरु
७. सुत्केरी तथा गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिकहरु तथा अपाङ्गता भएका व्यक्तिहरु
८. सरकारी सेवामा रही तालीम वा विदेशमा गएका व्यक्तिहरु (जसले नेपाल आउन पाएका छैनन्)
९. अध्ययन समाप्त भएका र कलेज वन्द भएका विद्यार्थिहरु
१०. पारिवारिक पुनर्मिलनका लागि विदेश गएर फर्कन इच्छुक व्यक्तिहरु
११. कम्पनीबाट अनिवार्य विदामा बसेका व्यक्तिहरु
१२. अन्तरराष्ट्रिय संघसंस्थामा कार्यरत रहेर नेपाल आउनुपर्ने अवस्थामा रहनु भएका व्यक्तिहरु
१३. पर्यटक तथा व्यवसायिक राहदानीमा गएका नेपालीहरु

accountabilitylab NEPAL

# $ फलो द मनी

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्व ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्व २६ करोड**

**दाता**

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब १ अर्व ८ करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.३ करोड | करिब ६१ करोड | करिब ४० करोड | करिब १५ करोड | करिब २३.६ करोड | करिब ५० करोड | करिब ४०.२ करोड |
| खर्च गरिएको रकम | करिब १७.८ करोड | करिब १७.७ करोड | करिब १२.३ करोड | करिब ९.२ करोड | करिब १३.६ करोड | करिब १३.२ करोड | करिब २०.१ करोड |

## छनौट गरिएका पालिका

| स्थानीय पालिका | जम्मा रकम | क्वारेनटाईन केन्द्र | क्वोन्टाईनमा बसेका व्यक्ति |
|---|---|---|---|
| नरैनपुर गाउँपालिका | रु ७६,००,००० | १६ | ७०० |
| खजुरा गाउँपालिका | रु १,०४,००,००० | २४ | ७४४ |
| नेपालगञ्ज उप-महानगरपालिका | रु ७५,८३,००० | १ | ३०८ |
| कोहलपुर नगरपालिका | रु ३,३३,५०,४०० | १५ | १९० |
| यशोधरा गाउँपालिका | रु ४०,३०,००० | ३५ | ७०० |
| कपिलवस्तु नगरपालिका | रु ७६,००,००० | ३८ | ३५० |
| महाराजगञ्ज नगरपालिका | रु १,२२,००,००० | ५० | ८५० |
| कृष्णनगर नगरपालिका | रु २,६६,००,००० | १९ | ६६६ |
| केचनाकवल गाउँपालिका | रु ५१,००,००० | ६ | ३१४ |

# $ फलो द मनी

## छनौट गरिएका पालिकामा प्रति क्वारेनटाईन छुट्ईएको रकम र त्यहाँ बस्नेको संख्या बिच तुलना




नेपालको सन्दर्भमा कोरोना भाईरसको संक्रमण विशेष गरेर केही पालिकाहरूमा केन्द्रीत भएको देखिन्छ । ३० मे, २०२० सम्म प्रदेश ५ र प्रदेश १ का सबै भन्दा बढी कोरोना प्रभावित पालिकाहरूलाई छनौट गरेरे यो विश्लेषण गरिएको छ । समग्रमा सम्बन्धित जिल्लाका यि पालिकामा रहेका क्वारेन्टाईनमा बस्नेको संख्या जम्मा संख्याको ५० प्रतिशत भन्दा बढी छ ।

अन्य पालिकाको तुलनामा, नरैनापुर, खजुरा, यशोधरा, कपिलवस्तु र महाराजगञ्जको प्रति क्वारेन्टाईन व्यवस्थापनका लागि छुट्याईएको औसत रकम एकदम थोरै छ । यि क्वारेन्टाईन केन्द्रहरूमा भएको खर्च हेर्दा सरकारले ति क्षेत्रमा तुरुन्तै बजेटको दायरा बढाउनु पर्ने देखिन्छ । छनौट गरिएका अन्य दुई पालिका नेपालगञ्ज र केचनाकवल हुन् । नेपालगञ्जमा एउटा मात्र क्वारेन्टाईनको सुविधा छ तर, त्यहाँ ३०८ जना बसिरहेकाछन् । त्यहाँ छुट्याईएको बजेट हेर्दा प्रति व्यक्ति रु. २५,००० हुन आउँछ । त्यसै गरेर केचनाकवलमा प्रति व्यक्ति रु. १६,२४२ हुन आउँछ । यदि यहि गतिमा संक्रमितको संख्या बढ्दै जाने हो भने, यि पालिकाहरूमा चाँडै रकम अभाव हुने देखिन्छ । क्वारेनटाईनमा बस्नेको संख्या धेरै हुनुका बावजुत कोहलपुर, महाराजगञ्ज र कृष्णनगर पालिकाको आर्थिक अवस्था केहि सुदृढ देखिन्छन् ।

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृष्ठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# कोभिड - १९ का कारण विदेशमा फसेकालाई सरकारले यसरी उद्धार गर्दैछ



विदेशबाट नेपालीलाई उद्धर
गर्न दिनमा १० उडान



पहिलो प्राथमिकतामा गर्भवती,
सुत्केरी र आममाफी पाएकाहरु



भारतबाट भित्रिन २० नाका




विमानस्थल र नाकामै सिमकार्ड



विदेशबाट आउनेले विमानस्थलबाट
होल्डिङ सेन्टर हुँदै क्वारेन्टाइन होटल वा
स्थानीय तहले व्यवस्थापन गरेको
सम्बन्धित क्वारेन्टाइनसम्मको यातायात
खर्च व्यक्ति स्वयंले व्यहोर्नु पर्ने ।



विदेशबाट शव ल्याउने खर्च
सम्बन्धीत रोजगारदाता
कम्पनीले व्यहोर्ने



भारतबाट आउनेको होल्डीङ सेन्टरको
भाडा नेपाल सरकारले व्यहोर्ने



बेखर्चीलाई सुरक्षाकर्मी सरह खाना खर्च
दिने (क्वारेन्टाईनमा बस्नेलाई प्रतिदिन
प्रतिव्यक्ति १ सय ७५ रुपैयाँ दिईने)



क्वारेन्टाईनको व्यवस्थापन पालिकाबाट



क्वारेन्टाईनको व्यवस्थापन पालिकाबाट
मापदण्ड अनुसार १४ दिन क्वारेन्टाईनमा
बसेपछी घर जाने व्यवस्था

# तत्काल सुरक्षित क्वारेन्टाईनको विस्तार गर्न आवश्यक छ

## क्वारेन्टाईनमा बसेका व्यक्तिहरु




दुई हप्ता भन्दा पनि कम अवधिमा क्वारेनटाईनमा बस्ने व्यक्तिहरुको संख्या झण्डै ६ गुणाले बढेको छ । केहि हप्तामै करिब एक लाख बेडको व्यवस्थापन गर्नु चुनौती पूर्ण काम हो । यदि यही गतिले निरन्तरता पाउने हो भने, आउने हप्ताहरुमा सरकारलाई सुरक्षित क्वारेन्टाईन र आईसोलेशन बेडको व्यवस्थापन गर्न समस्या हुने देखिन्छ । सरोकारवालाहरुले यि क्षेत्रको सुरक्षमा चाँसो देखाईरहेका छन् । प्राय जसो क्वारेन्टाईनमा क्षमता भन्दा बढी व्यक्तिहरुलाई राखिएको छ, जसले गर्दा सामाजिक दुरी कायम गर्न असम्भव जस्तै भएको छ । यि ठाउँ भद्रगोल हुने अन्य कारण स्वास्थ्य र सरसफाईको कमजोर व्यवस्थापन पनि हो । यो अवस्थामा क्वारेन्टाईनमा बस्नेको संख्याा अप्रत्यासित बढ्नाले यि ठाउँ कोरोनाको संक्रमण र अन्य रोग फैलने प्रमु केन्द्रको रुपमा स्थापित हुनेछन् ।

स्रोत: HEOC, MoHP, SitRep

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs